सर्केगाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**सर्केगाड, हुम्ला**

**६ नं. प्रदेश, नेपाल**

## प्रेस-विज्ञप्ती

आर्थिक वर्ष २०७५/०७६ को कर्णाली प्रदेश सरकारको समपूरक बजेट अन्तर्गत यस सर्केगाड गाउँपालिका हुम्ला बाट ठेक्कामार्फत कार्यान्वायनमा ल्याउन लागिएका चुरीकाङ सेरी सिँचाई वडा नं. ८, काउलेखोला तलिऔला सिंचाई वडा नं. १, नेर खोला जलविद्युत योजना वडा नं. १ र सर्केगाडदेखि सायाँहुँदै बराई सडक निर्माण वडा नं. ४ यी चारओटा योजनालाई सर्केगाड गाउँकार्यपालिकाको बैठक बसि निर्णय भए बमोजिम मिति २०७५/१२/२२ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरियो । केही प्राविधिक तथा प्रशासनिक कमजोरीका कारण सुचनामा त्रुटि रहन गएकाले गाउँकार्यपालिकाको निर्णयानुसार नै पुनः संशोधन सहित मिति २०७६/०१/०२ गते सूचना प्रकाशन गरिएको थियो । र उक्त सुचनालाई यस कार्यालयको वेभसाइट, जिल्लाका एफ.एम. रेडियो र बोल पत्र पुस्तक खरिद गर्दा प्रत्येक निर्माण व्यवसायीहरुलाई उक्त सूचना उपलब्ध गराइएको कुरा जानकारी गराउन चाहान्छौं । सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार काम गरिएकोले पुरानै चेतना र सोच भएका केही व्यक्तिहरुका लागि नियमपूर्वक काम गर्दा अनौठो भएको छ । यर्थात र बस्तुपरक ढङ्गले जान खोज्दा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले ठेकेदारको संरक्षण गरेको भन्ने कुरा वाइयात समचार प्रकाशित गरिएको छ । बिना प्रमाण हाम्रो नैतिकतामा आँच आउने र दाग लगाउने काम भएको हुँदा यसमा गम्भीर ध्यानकर्षण भएको छ । ठेकेदारसँग मिलेमतो गरेर अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतद्धारा ठेक्कापट्टाको काम भएको छ भनि जुन प्रचार प्रसार गरिएको छ । यो तथ्यहिन र निराधार भएको कुरा जानकारी गराउन चाहन्छौं । यदि गलत गरिएको भए कानुन बमोजिम सजाय भोग्न तयार छौं । नत्र भने जथाभावी कसैको नैतिकतामा आँच आउने कुराको प्रचार नहोस् भन्ने कुरा अनुरोध गर्दछौं ।

..........................
यज्ञश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत
सर्केगाड गाउँपालिका, हुम्ला
२०७६/०१/२९

..............................
कृष्ण रोकाया
अध्यक्ष
सर्केगाड गाउँपालिका, हुम्ला